**श्री**

# राजस्व न्यायाधिकरण काठमाडौं

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**<u>फैसला</u>**

२०७७/०७८ सालको निर्णय नं.३८

पुनरावेदन नं. : ०७६-RB-०००८

पुनरावेदन दर्ता मिति २०७६।०४।२३

जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं. १५ कौशलटार स्थित क्षमादेवी आल्मुनियम प्रोफाईल प्रा.लि को अख्तियारी प्राप्त संचालक निरन्जनकृष्ण श्रेष्ठ ......................१ **<u>पुनरावेदक</u>**

<u>विरूद्ध</u>

श्री मूल्यांङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं ...................................१

वीरगंज भन्सार कार्यालय, वीरगंज, पर्सा ......................................................१ **<u>प्रत्यर्थी</u>**

**<u>मुद्दाः बढी भन्सार मूल्यांकन (M११९३६)</u>**

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारीः**

शुरु निर्णय गर्ने कार्यालयः वीरगंज भन्सार कार्यालय, वीरगंज, पर्सा

शुरु निर्णय मितिः २०७५/११/०७

**मूल्य पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारीः**

निर्णय गर्ने कार्यालयः मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं।

निर्णय गर्ने पदाधिकारीः अध्यक्ष श्री निर्मलहरि अधिकारी

निर्णय मितिः २०७६/०१/२२

मुल्याङ्कन पुनरावलोकन समिति त्रिपेरेश्वर, काठमाडौंबाट भएको मिति २०७६।०१।२२ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम ऐनको म्याद भित्र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै सुनुवाईका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ।

## संक्षिप्त तथ्य

१. पैठारीकर्ता श्री Kshamadevi Aluminium Profiles (Pvt.) Ltd. (PAN 601887534) ले CHINA स्थित निर्यातकर्ता Shandong Huajian Aluminium Co. Ltd., China को बिजक नं. HJ20181228-K ता. 28.12.2018 बाट पैठारी गरी ल्याएको मालवस्तुको मूल्य निर्धारणका लागि मिति २०७५/११/०६ मा विरगंज भन्सार कार्यालय, वीरगंजमा निवेदन पेश गरेको।

२. उक्त प्रा.लि.ले घोषणा गरेको मूल्य वास्तबिक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात, प्रमाण वा कुनै सूचनाहरु छन् भने यो पत्र प्राप्त भएको मितिले ७ दिन भित्र पेश गर्नुहुन भनी च.नं. १४९३ मिति २०७५/११/०६ मा पत्राचार गरिएकोमा सोही दिन जवाफ सहित थप कागजात तथा प्रमाण पेश भएको।

३. पैठारीकर्ताको तर्फबाट पेश हुन आएका थप कागजात तथा प्रमाणहरु र आसिकुडा अभिलेखसमेतको आधारमा घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने अवस्था देखिएन। घोषित मूल्यको सत्यता पुष्टि हुन नसकेकोले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ वमोजिम भन्सार मूल्य निर्धारण गर्न सकिएन। भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ८,९,१०,११ र १२ वमोजिम क्रमशः अवलम्बन गरी मूल्य निर्धारण गर्नु पर्ने अवस्था भएकोमा उपयुक्त र प्राप्त प्रमाण अनुसार दफा १३(१२) वमोजिम मूल्य निर्धारण गर्नु पर्ने भयो। यस्तै प्रकृतिको मालबस्तुको आसिकुडा अभिलेख लगायत विभिन्न माध्यमबाट प्राप्त सूचना मूल्यको तुलनामा पैठारी हुन आएको मालवस्तुको मूल्य न्यून देखिएकाले उक्त मालवस्तुको प्रति इकाई मूल्य सि.आई.एफ. कोलकत्ता USD ३.२० प्रति के.जी. कायम गरी विजक मूल्य USD ५२२७६।७ मा बृद्धि भएको USD १३२१७।७० जोडी जम्मा विजकको मूल्य USD ७०४९४।४० मा कारोवार खर्चसमेत रु. १६२०००।०० समायोजन गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १२ वमोजिम कारोबार मूल्य कायम गर्ने गरी वीरगंज भन्सार कार्यालयबाट मिति २०७५/११/०७ मा निर्णय भएको।

४. पेश गरेका कागजात तथा प्रमाणहरुबाट घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने अवस्था देखिएन। भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १२ वमोजिम मालवस्तुको कारोवार मूल्य निर्धारण गर्दा विश्व व्यापार सम्बन्धी सामान्य सम्झौता, १९९४ को धारा ७ का प्रावधानहरुसँग मिल्ने गरी र पैठारी गरिएको देशमा उपलब्ध भएको तथ्याङ्कको आधार जस्ता

उपयुक्त तरिकाहरु अपनाई भन्सार मूल्य निर्धारण गर्न सकिने व्यवस्था मूल्यांकन निर्देशिका, २०६८ पहिलो संशोधन २०७२ मा उल्लेख गरिएको छ। वीरगंज भन्सार कार्यालयको प्र.प.नं. १०९८६ ता. ०१/०३/२०१९, सुक्खा बन्दरगाह भन्सार कार्यालयको प्र.द.नं. ३७३५ ता. २६/०२/२०१९ लगायत यस्तै सामान अमेरिकी डलर ३.२० प्रति किलोमा आयात भएको आसिकुडा अभिलेख रहेको र यो करिब-करिब उस्तै समय भित्र रहेको हुँदा उक्त मूल्य समेतलाई आधार लिँदा भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १२ वमोजिम कायम गरेको मूल्य प्रति के.जी. अमेरिकी डलर ३.२० उपर्युक्त निर्णय खण्डमा उल्लेख भए अनुसार भन्सार ऐन, नियमावली तथा मूल्यांकन निर्देशिका वमोजिम कानूनसम्मत नै देखिँदा **सदर हुने ठहर्छ** भनी मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६/०१/२२ मा निर्णय भएको।

५. पुनरावेदक पैठारीकर्ताले SHANDONG HUAJIAN ALUMINUM Co. Ltd. China बाट USD २६००.००/MT का दरले २१ MT, Anodized Aluminum Profile, (Invoice No. HJ20181228-k, LC No. 18ILC1178) पैठारी गरेको हुँ। जसको कुल मूल्य USD ५४६०० हुन आउँछ। उक्त Anodized Aluminum Profile को मूल्य मैले पेश गरेको Performa Invoice, Commercial Invoice तथा बैंकको प्रतित पत्र (LC) समेतका कागजातले स्पष्ट छ। सोही रकम भंसार ऐन २०६४ को दफा १३ को उपदफा ३ को प्रयोजनको लागि कारोबार मूल्य घोषणा गरेको छु। माथि उल्लेख गरे बमोजिमको कागजात पेश गरी कारोबार मूल्य घोषणा गरेको अवस्थामा सो कारोबार मूल्यलाई मान्यता दिनु नपर्ने कारण के हो, प्रत्यर्थीहरुको निर्णयमा खुल्दैन। यस्तो स्पष्ट आधार र प्रमाणको विश्लेषण एवं विवेचना नभएको निर्णय त्रुटिपूर्ण छ। भंसार ऐन, २०६४ को दफा १३(९) मा उल्लेखित कानूनी व्यवस्था म पुनरावेदकको हकमा लागु हुन सक्ने पनि होइन, किनकी पैठारी भएको सामानको Performa Invoice, Commercial Invoice तथा बैंकको प्रतितपत्र समेतका कागजातहरु मैले पेश गरेकै छु। सोमा शंका गर्नु पर्ने कुनै आधार र कारण छैन। मैले आयात गरेको सामान Anodized Aluminum Profile को मूल्य अन्तर्राष्ट्रिय बजारमा हरेक दिन हरेक घण्टा फरक-फरक भई रहन्छ। सो सामान कुनै अमुक व्यापारीले USD ३.२० प्रति के.जी. का दरले पैठारी गरेको भन्दैमा मलाई पनि सोही दर लागु गर्नु न्यायोचित हुँदैन/छैन। वीरगंज भंसार कार्यालयको प्र.प.नं. १०९८६ ता. ०१.०३.२०१९, सुख्खा बन्दरगाह भंसार कार्यालयको प्र.प.नं. ३७३५ ता ०४.०२.२०१९ को प्रज्ञापन पत्र देखाई सुनाई भनाई राख्ने मौका समेत प्रदान गरिएको छैन। यसरी हचुवाका भरमा एकपक्षिय रुपमा कारोबार मूल्य बृद्धि गरी भंसार असुल गरेको प्रत्यर्थीहरुको निर्णय त्रुटिपूर्ण एवं बदरभागी छ। मुल्याङ्कन पुनरावलोकन समितिले निर्णय गर्दा भंसार ऐन, २०६४ को दफा ६१(५) बमोजिम स्पष्ट कारण र आधार खुलाउनु पर्नेमा त्यस्तो आधार र कारण खुलाउन नसकेको निर्णय अन्तर्राष्ट्रिय व्यापारका नियम तथा रीति समेत विपरीत भएको हुँदा त्रुटिपूर्ण भई बदरभागी छ। पुनरावेदकले घोषणा गरेको कारोबार मूल्यलाई मान्यता

नदिई सोमा बृद्धि गरी पुनरावेदकबाट भंसार महसुल, अतिरिक्त महशुल तथा मु.अ.करसमेत गरी जम्मा रु. ५,७९,६१०/- थप असुल गर्ने गरी विपक्षी कार्यालयबाट भएको निर्णय त्रुटीपूर्ण भई बदरभागी हुँदा बदर गरी पाऊँ भन्ने समेत बेहोराको पुनरावेदकले यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र ।

६. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।१०।२४ मा भएको आदेश ।

## ठहर खण्ड

७. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र एवं सम्पूर्ण कागजात अध्ययन गर्दा पुनरावेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण नेपालले आल्मुनियम झ्याल ढोकाको लागि प्रयोग गर्ने मालबस्तु हो । उक्त सामान चिनबाट आयात गरी विभिन्न भन्सार कार्यालयबाट पैठारी गर्ने गरिन्छ । यसरी आयात गरिने मालबस्तुको मुल्य London Metal Exchange ले निर्धारण गरेको मूल्यका आधारमा विश्व बजारमा मूल्य कायम हुने गर्दछ । भन्सार ऐन, ०६४ को दफा १३ मा पनि विजक मूल्यलाई मान्यता दिनुपर्ने भनी उल्लेख गरिएकोमा ASYCUDA डाटाबेसबाट घोषित मूल्यको सत्यता नरहने, विजक मूल्यलाई अन्यथा प्रमाणित नगरेसम्म विजक मूल्यलाई कायम नगरिकन थप मूल्य निर्धारण गर्न मिल्दैन भनी फैसला समेत गरिएको पाइन्छ । भन्सार विन्दुमा पेश गरेको कागजातलाई अन्यथा प्रमाणित नगरिकन फरक मूल्य कामय गरी भन्सार कार्यालयबाट भएको निर्णय बदरभागी छ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

८. विपक्षी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बास्ताकोटीले २०७४ चैत्र देखि २०७५ फागुनसम्म निर्यात गरिएको सामानको विषयमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ मा साइजको आधारमा Asycuda प्रणाली नमिलेको भनी उठान भएको पाईन्छ। Asycuda प्रणालीबाट नै यसको साइज हेरेर मूल्य निर्धारण गरेको हुन्छ जुन अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार मिलेको छ, छैन हेरिन्छ। Asycuda प्रणालीबाट नै विजक मूल्य निर्धारण गर्ने गरी शुरु कार्यालयबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

९. उपर्यक्त बहस समेत सुनि मिसिल अध्ययन गरी प्रस्तुत शुरु निर्णय मिलेको छ, छैन ? र पुनरावेदन जिकिर अनुसार हुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१०. निर्णयतर्फ विचार गर्दा पुनरावेदक क्षमादेवी आल्मुनियम प्रोफाइल प्रा.लि. ले प्रज्ञापन पत्र नं. M११९३६ बाट पैठारी गरेको मालबस्तु भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम प्रति के.जी.यु.एस.डलर २.६० रहेको भनि पेश भएको विजक, Asycuda डाटाबेस लगायत अन्य प्रणालीबाट प्राप्त सूचना मूल्य भन्दा फरक परेको, पैठारीकर्ताले पेश गरेका कागजात तथा प्रमाणहरु Asycuda डाटाबेस समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने आधार समेत नदेखिएकोले उक्त पैठारी भएको मालबस्तु ऐ. ऐनको दफा १३ को उपदफा १२ बमोजिम अमेरिकी डलर ३.२० प्रति के.जी. मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट निर्णय भएको देखियो ।

११. पुनरावेदक पैठारीकर्ताले सुख्खा बन्दरगाह भंसार कार्यालय सिर्सियाबाट प्रज्ञापनपत्र नं. M११९३६ मार्फत आल्मुनियम मालबस्तु पैठारी गरिएको देखिन्छ। उक्त मालवस्तु पैठारी गर्दा पैठारीकर्ताले भंसार ऐन,२०६४ को दफा १३ को उपदफा ३ बमोजिम मालवस्तुको मूल्य निर्धारण गर्न पेश गरेको, विजक मूल्य Asycuda Database, लगायत अन्य प्रणालीहरुबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएको भनि सोही दफाको उपदफा (६) बमोजिम उक्त मालवस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाणहरु माग भएकोमा तथ्यपूर्ण र विश्वसनीय प्रमाण कागजात पेश गर्न सकेको देखिएन भने यस्तै मालवस्तु आयात भएको Asycuda अभिलेख समेतको आधारमा घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने पुष्ट्याई मिसिल संलग्न कागजातबाट देखिन आएन।

१२. यसरी पैठारीकर्ताले पैठारी गरेको मालबस्तु Asycuda Database मा उपलब्ध मूल्य भन्दा न्यून मूल्यमा पैठारी हुन आएकोले Asycuda Database समेतलाई आधार लिएर भन्सार ऐन २०६४ को दफा १३ को उपदफा १२ बमोजिम मालबस्तुको कारोबार मूल्य निर्धारण गर्दा विश्व व्यापार सम्बन्धी सामान्य सम्झौता १९९४ को धारा ७ मा भएको प्रावधान अनुसार नै निर्धारण गरी Asycuda Database अनुसार उक्त सामान USD ३.२० प्रति के.जी.मा आयात भएको देखिएको भनि भन्सार ऐन २०६४ को दफा १३ को उपदफा १२ बमोजिम कायम गरेको उक्त मालबस्तुको मूल्य USD ३.२० प्रति के.जी.लाई अन्यथा मान्न सकिने आधार प्रमाण देखिएन।

१३. माथि उल्लेखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता क्षमादेवी आल्मुनियम प्रोफाईल प्रा.लि ले प्र.द.नं.M११९३६ बाट पैठारी गरेको Anodized Alumunium Profile को भन्सार मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६।०१।२२ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

## तपसिल

- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालयलाई दिनु..........................................................................................१
- सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु...............................................................................................................२
- प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु....................................................................३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-

शाखा अधिकृतः सनिता लामा

टिपोट गर्ने ना.सुः हेमन्त फुयाँल

इति सम्वत् २०७७ साल पुष महिना  २७ गते रोज २शुभम् ...............................................